## बैठक नं. २१

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० बमोजिम गठन भएको उच्च सरकारी वकील कार्यालय नेपालगंज तहको समन्वय समितिको बैठक आज मिति २०८१।१२।१३ गते बुधबार, उच्च सरकारी वकील कार्यालय, नेपालगंजमा देहायको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री अशोकराज रेग्मी, सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगंजः अध्यक्ष

श्री धर्मराज जोशी, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बाँकेः सदस्य

श्री उमेशराज रिमाल, प्रमुख अनुसन्धान अधिकृत, राजश्व अनुसन्धान कार्यालय, कोहलपुरः सदस्य

श्री तुलबहादुर कार्की, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बाँकेः सदस्य

श्री नगेन्द्र लम्साल, उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय (उसवका), नेपालगंजः सदस्य सचिव

**आमन्त्रित**

श्री सपना अधिकारी, रजिष्ट्रार, उच्च अदालत तुलसीपुर, नेपालगंज इजलास

श्री देवराज भारती, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बाँके

श्री जनार्दन पौडेल, प्रमुख भन्सार अधिकृत, नेपालगंज भन्सार कार्यालय

श्री पूर्णबहादुर थापा मगर, उपन्यायाधिवक्ता, उसवका, नेपालगंज

श्री डा. अरविन शाक्य, फरेन्सिक विज्ञ, भेरी अस्पताल, नेपालगंज

श्री, उदयराम के.सी., कर अधिकृत, आन्तरिक राजस्व कार्यालय, नेपालगंज

श्री डिल्लीराज ज्ञवाली, सहायक न्यायाधिवक्ता, उसवका, नेपालगंज

श्री पुष्प वली, नायव सुब्बा, राजस्व न्यायाधिकरण, नेपालगंज

प्रस्तावहरु

१) सवारी ज्यान मुद्दाको सम्बन्धमा ।

२) बरामद सामाग्री, घटनास्थल र प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाहरुको फोटो, उमेर र परिचय खुल्ने कागजात मिसिलमा संलग्न गर्ने सम्बन्धमा ।

३) मुद्दासँग सम्बन्धित जाहेरवाला र अनुसन्धानमा बुझिएका मानिसहरुको उमेर र परिचय खुल्ने विवरण मिसिलमा समावेश गर्ने सम्बन्धमा र फरेन्सिक जाँच परिक्षण प्रतिवेदन सम्बन्धमा ।

४) गोप्य कागजातहरुलाई पञ्जिका सहित फाइलमा खामबन्दी गरी सक्कल र नक्कल मिसिलमा संलग्न गर्ने सम्बन्धमा ।

५) प्रतिवादी किटान भएका वा पत्ता लागेका अनुसन्धान लामो अवधीसम्म नटुङ्गिएका नेपाल सरकारवादी हुने फौजदारी कसूरका मुद्दाको अनुसन्धान टुङ्गो लगाई सरकारी वकील समक्ष पेश गर्ने सम्बन्धमा ।

६) राजश्व न्यायाधिकरण नेपालगंजमा प्रतिरक्षा गरिने कर र भन्सारसँग सम्बन्धित मुद्दाको आवश्यक सहजिकरणका लागि नेपालगंज स्थित भन्सार र आन्तरिक राजश्व कार्यालयमा सम्पर्क व्यक्ति तोकी सहजीकरण गर्ने सम्बन्धमा ।

७) कर, भन्सार, अन्तशुल्क र राजश्व चुहावट सम्बन्धि सरकारी वकीलले निर्णय र प्रतिरक्षा गर्नुपर्ने मुद्दाको विषयवस्तुको प्रभावकारी अनुसन्धान, अभियोजन र प्रतिरक्षाका लागि कर अधिकृत, भञ्सार अधिकृत र सम्बन्धित क्षेत्रका अनुसन्धान अधिकृत, सरकारी वकील र सरोकारवाला बीच अन्तरक्रिया र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

८) प्रहरी अनुसन्धान अधिकारीबाट अनुसन्धान गरिने मुद्दाहरुमा प्रभावकारी अनुसन्धान र अभियोजन गर्न उच्च सरकारी वकील कार्यालय नेपालगंज मातहतका जिल्ला सरकारी वकील कार्यालय बाँके र बर्दियामा कार्यरत सरकारी वकील र प्रहरी अनुसन्धान अधिकारी बीच सरोकारवाला निकायसँग समन्वय गरी अनुसन्धान र अभियोजन विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

निर्णयहरू:

१) **प्रस्ताव नं १ का सम्बन्धमा** छलफल गर्दा जिल्ला प्रहरी कार्यालय बाँकेले जिल्ला प्रहरी कार्यालय बर्दियामा समेत सडक दुर्घटनाको प्रतिवेदनको ढाँचामा एकरुपता कायम गर्ने सम्बन्धमा समन्वय गर्ने । सडक दुर्घटना प्रतिवेदनसँगै वारदात स्थलमै दुर्घटनामा परेको सवारी साधन, दुर्घटनामा परेको व्यक्तिको वारदात स्थलमै फोटो खिच्न सम्भव भए सो फोटो र दुर्घटना भएको स्थानको विभिन्न कोणबाट रंगिन फोटो खिची फोटो खिचेको समय, मिति र फोटो खिच्ने व्यक्तिको नाम सहित फोटोको

ब्याख्यात्मक विवरण सहित सक्कल र नक्कल मिसिलमा समावेश गर्ने । सडक दुर्घटना प्रतिवेदनको स्केचमा दुर्घटना स्थलमा पुग्ने ट्राफिक प्रहरीले विस्तृत रुपमा दुर्घटनास्थलको विस्तृत स्केच विवरण बुझिने सरल भाषामा तयार गरी लापरवाही र नियतसाथ दुर्घटना भएको भए सो विवरण समेत समावेश गर्ने । दुर्घटना गराउने व्यक्तिहरुको सवारी चालक अनुमति पत्र सम्बन्धी विवरण र सवारी धनीको विवरण यातायात कार्यालयहरुसँग माग गरी मिसिलमा समावेश गर्ने । सवारी दुर्घटना गराउने व्यक्तिहरुको तत्काल नजिकको अस्पतालमा मादक पदार्थ सेवन सम्बन्धी जाँच चिकित्सकसँग गराई मादक पदार्थ सेवन गरेको लक्षणहरु देखिए के कुन विधिबाट जाँच गरिएको हो सो समेत उल्लेख गर्न लगाउने निर्णय गरियो।

साथै सडक दुर्घटना प्रतिवेदन आवश्यक परिमार्जन गर्ने र सवारी साधनको मेकानिकल चेकजाँच प्रतिवेदनको निश्चित ढाँचा तोकिएको नदेखिँदा सो अनुसारको ढाँचा तयार गरी परिमार्जित सडक दुर्घटना प्रतिवेदन र दुर्घटनामा परेको सवारी साधनको मेकानिकल चेक जाँच प्रतिवेदन सवारी तथा यातायात ब्यवस्था नियमावली, २०५४ को अनुसूचीमा समावेश गर्न उपयुक्त हुने देखिँदा सो अनुसार गराउने व्यवस्थाका लागि समन्वय समितिको सचिवालय महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय र लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङमा समन्वय गर्ने।

२) **प्रस्ताव नं २ का सम्बन्धमा** छलफल गर्दा उच्च सरकारी वकील कार्यालय नेपालगंजमा मातहत कार्यालयहरुबाट प्राप्त मिसिल अध्ययन गरी हेर्दा प्रहरी र अन्य निकायबाट अनुसन्धान गरिने अधिकाशं मुद्दाहरुमा बरामद सामाग्रीको फोटो, घटनास्थलको फोटो र प्रतिवादीहरु पक्राउ परेपछिको हालसालैको खिचिएको फोटो मिसिलमा संलग्न नभएको पाइएकाले अनिवार्य रुपमा मिसिल संलग्न गराउने सम्बन्धमा उच्च सरकारी वकील कार्यालय नेपालगंजको कार्यक्षेत्र अन्तर्गतका जिल्ला सरकारी वकील कार्यालयहरुले प्रहरी र अन्य अनुसन्धान गर्ने निकायलाई जानकारी गराउने निर्णय गरियो । प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाको बयान/सोधपुछसँगै उमेर र परिचय खुल्ने कागजात मिसिल संलग्न गर्ने । कानूनको विवादमा परेका बालबालिकाको सोधपुछमा रोहवरमा राखिएका व्यक्तिहरु र अनुसन्धानको क्रममा दोभाषेको प्रयोग गरी रोहवरमा राखिएको भए निजको समेत परिचय खुल्ने कागजात मिसिल संलग्न गर्ने सम्बन्धमा मातहत जिल्ला सरकारी वकील कार्यालयहरु मार्फत अनुसन्धान गर्ने निकायलाई जानकारी गराउने निर्णय गरियो।

३) **प्रस्ताव नं ३ का सम्बन्धमा** छलफल गर्दा उच्च सरकारी वकील कार्यालय नेपालगंजमा मातहत कार्यालयहरुबाट प्राप्त मिसिल अध्ययन गरी हेर्दा अधिकाशं मिसिलमा अनुसन्धानको क्रममा बुझिएका मानिसहरुको परिचय खुल्ने कागजात

मिसिल संलग्न भएको नपाइएकाले मुद्दासँग सम्बन्धित जाहेरवालाको जाहेरी दरखास्तसँगै, पीडितको मौकाको कागज सँगै अनुसन्धानमा बुझिएका मानिसहरुको घटनाविवरण कागजसँगै परिचय र उमेर खुल्ने कागजात अनिवार्य रुपमा अनुसन्धान गर्ने निकायले मिसिलमा समावेश गर्ने। अनुसन्धान गर्ने निकायले अनुसन्धानको क्रममा बुझिएका मानिसहरुको घटनाविवरण कागजमा रोहवरमा राखिएको वा दोभाषेको प्रयोग गरिएको भए निजहरुको समेत परिचय खुल्ने कागजात मिसिल संलग्न गर्ने । जाहेरवाला र पीडित सहित बुझिएका मानिसहरुको सम्पर्क नम्बर अनुसन्धान प्रतिवेदनमा समावेश गरी अनुसन्धान प्रतिवेदन सरकारी वकील कार्यालयमा पठाउनुपर्ने निर्णय गरियो । अनुसन्धानको सिलसिलामा कुनै विशेषज्ञको मुद्दाको विषयमा सहयोग लिएको भए निजको विशेषज्ञता खुल्ने परिचय पत्र र विवरण समेत मिसिलमा संलग्न गर्ने।

फरेन्सिक जाँच परिक्षण प्रतिवेदन अन्तर्गत मृतकको शव परीक्षण प्रतिवेदन, यौनजन्य अपराध सम्बन्धी शारीरिक परिक्षण प्रतिवेदन र घा जाँच प्रतिवेदनमा शरिरमा लागेका घाउ चोट र पींडाको विस्तृत विवरण र त्यसको असरका सम्बन्धमा सरल नेपाली भाषामा समेत अनुसन्धान अधिकारीले सम्बन्धित चिकित्सकलाई उल्लेख गर्न लगाउने निर्णय गरियो।

४) **प्रस्ताव नं ४ का सम्बन्धमा** छलफल गर्दा उच्च सरकारी वकील कार्यालय नेपालगंजमा प्राप्त केही मुद्दाको मिसिलहरु हेर्दा मुद्दाको अनुसन्धानको क्रममा तयार भएका गोप्य कागजातहरु पञ्जिका सहित छुट्टै खामबन्दी गरेको नपाइएकोले मुद्दाको सिलसिलामा तयार गरिएका त्यस्ता गोप्य कागजातहरुको सक्कल जुन मुद्दाको सुनुवाइको क्रममा मुद्दा हेर्ने निकाय र नक्कल फाईलको कागजात अभियोजनकर्ता सरकारी वकीलले मात्र हेर्न मिल्ने गरी अनुसन्धान गर्ने निकायले अनुसन्धान प्रतिवेदन बुझाउँदा गोप्य कागजातहरुलाई पञ्जिका सहित खामबन्दी गरी सक्कल र नक्कल अनिवार्य रुपमा मिसिलमा संलग्न गर्ने सम्बन्धमा मातहत सरकारी वकील कार्यालयहरुले अनुसन्धान गर्ने निकायलाई जानकारी गराउने निर्णय गरियो ।

५) **प्रस्ताव नं ५ का सम्बन्धमा** छलफल गर्दा प्रतिवादी किटान भएका वा पत्ता लागेका अनुसन्धान लामो अवधीसम्म नटुङ्गिएका नेपाल सरकारवादी हुने फौजदारी कसूरका मुद्दाको अनुसन्धान वर्षौं सम्म पुरा नहुँदा पीडितले न्यायको अनुभुति महसुस नगर्ने र वारदात भएको लामो समयपछि त्यस किसिमका मुद्दाहरु मुद्दा हेर्ने निकायमा पेश गर्दा अनुसन्धानको क्रममा बुझिएका जाहेरवाला, प्रत्यक्षदर्शी र पीडित सहितका मानिसहरु सम्पर्कमा नहुने र क्यौंको मृत्यु समेत भइसकेको हुने अवस्था उच्च सरकारी वकील कार्यालय नेपालगंजमा मातहत कार्यालयहरुबाट प्राप्त मिसिलबाट देखिएकोले त्यसको असर विभिन्न कोणबाट न्याय सम्पादनमा पर्ने देखिदा सो तर्फ

सम्बन्धित अनुसन्धान गर्ने निकायले सरकारी वकीलसँग परामर्श गरी समन्वयात्मक रुपमा कार्य गर्ने निर्णय गरियो ।

६) **प्रस्ताव नं ६ का सम्बन्धमा** छलफल गर्दा राजश्व न्यायाधिकरण नेपालगंजमा उच्च सरकारी वकील कार्यालय नेपालगंजबाट प्रतिरक्षा गरिने कर र भन्सारसँग सम्बन्धित मुद्दाहरुमा आवश्यक सहजिकरणका लागि मुद्दाको विषयमा सहयोग गर्न सक्ने अधिकृत स्तरको सम्पर्क व्यक्ति तोकी निजको सम्पर्क नम्बर र इमेल सहित उच्च सरकारी वकील कार्यालय नेपालगंजलाई जानकारी गराई राजश्व सम्बन्धित मुद्दामा सरकारी वकीललाई सहजीकरण गर्ने निर्णय गरियो।

७) **प्रस्ताव नम्बर ७ का सम्बन्धमा** छलफल गर्दा कर, भन्सार, अन्तशुल्क र राजश्व चुहावट सम्बन्धि सरकारी वकीलले निर्णय र प्रतिरक्षा गर्नुपर्ने मुद्दाको प्रभावकारी अनुसन्धान, अभियोजन र प्रतिरक्षाका लागि कर अधिकृत, भन्सार अधिकृत र सम्बन्धित क्षेत्रका अनुसन्धान अधिकृत, सरकारी वकील र सरोकारवाला बीच बाँके जिल्लामा रहेका नेपालगंज भन्सार कार्यालय, आन्तरिक राजश्व कार्यालय नेपालगंज र राजस्व अनुसन्धान कार्यालय कोहलपुरले सम्बन्धित विभागसँग कार्यक्रम आयोजनका लागि लाग्ने आवश्यक स्रोत, स्रोत व्यक्तिको पहिचान र उपलब्धता सम्बन्धमा आवश्यक समन्वय गरी कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

८) **प्रस्ताव नम्बर ८ का सम्बन्धमा** छलफल गर्दा उच्च सरकारी वकील कार्यालय नेपालगंज मातहतको जिल्ला सरकारी वकील कार्यालयहरुको कार्य क्षेत्र भित्र पर्ने बाँके र बर्दिया जिल्लामा प्रहरीबाट अनुसन्धान गरिने मुद्दाहरुमा प्रभावकारी अनुसन्धान र अभियोजन गर्न उच्च सरकारी वकील कार्यालय नेपालगंज मातहतका जिल्ला सरकारी वकील कार्यालय बाँके र बर्दियामा कार्यरत सरकारी वकील र प्रहरी अनुसन्धान अधिकारी बीच सरोकारवाला निकायसँग समन्वय गरी अनुसन्धान र अभियोजन विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालनका लागि लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङसँग समन्वय गर्ने निर्णय गरियो ।